*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने*

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**Life Insurance Corporation (Nepal) Ltd.**
(A Joint Venture of Life Insurance Corporation of India)

**रजिष्टर्ड कार्यालय:** का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं ।
**टेलिफोन नं.:** ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
**इमेल:** liccorporate@licnepal.com.np | **वेभसाइट:** https://www.licnepal.com.np

# हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला अवधी थप गरिएको बारेको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०८१/०७/०९ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- अङ्कित दरका २,३४,६८,००० कित्ता साधारण शेयरको मिति २०८१/०८/१२ गतेदेखि मिति २०८१/०९/०२ गतेसम्म हकप्रद निष्काशन तथा बिक्री खुला गरिएकोमा माग बमोजिम आवेदन प्राप्त नभएकोले धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को दफा १८ को उपदफा २ मा भएको व्यवस्था बमोजिम यस निष्काशनको बिक्री खुला अवधि **मिति २०८१/०९/१७ गते बैंकिङ्ग समयसम्म**को लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

| क्र.सं. | हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु: |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि., लेखनाथमार्ग, ठमेल, काठमाडौं । |
| २. | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड, स्टार मल, पुतलीसडक, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु । |
| ३. | नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु । |

साथै ***"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण"*** निष्काशनकर्ता कम्पनी लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को वेवसाइट *https://www.licnepal.com.np* वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि. को वेवसाइट *https://nsmbl.com.np* वा नेपाल धितोपत्र बोर्डको वेवसाइट *https://www.sebon.gov.np/prospectus* बाट डाउनलोड गरी पढ्न सकिनेछ ।

**गुनासो सुन्ने र समाधान गर्ने प्रकृया: यस हकप्रद निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडमा अपरेशन ईन्चार्जको रुपमा कार्यरत श्री केदार प्रसाद पुडासैनी (सम्पर्क नं: ०१-४५१२७४३-एक्सटेन्सन १११) लाई तोकिएको छ ।**

*अन्य विस्तृत जानकारीको लागि मिति २०८१/०७/३० गतेको* ***"नयाँ पत्रिका"*** *राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी आह्वान-पत्र हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: https://nsmbl.com.np वा निष्काशन कम्पनीको वेवसाइट: https://www.licnepal.com.np बाट पनि प्राप्त गर्न सकिनेछ ।*

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np